मितिः २०७७।०७।२० को
मा. मन्त्रीस्तरीय निर्णयवाट स्वीकृत

कोभिड–१९ को सन्दर्भमाः

# विद्यालय सञ्चालन सम्वन्धी कार्यढाँचा, २०७७

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरवार,काठमाडौं ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

# विद्यालय सञ्चालन सम्वन्धी कार्यढाँचा, २०७७

## १. परिचय

विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को सङ्क्रमणको रोकथामका लागि नेपाल सरकारले गठन गरेको कोभिड-१९ संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६।१२।०५ को निर्णयानुसार देशभरका सबै प्रकारका शिक्षण संस्था र तालिम केन्द्रहरू बन्द गरिए । नेपाल सरकारबाट मिति २०७६।१२।११ देखि लागू भएको बन्दाबन्दी (लकडाउन) को अवस्थामा कतिपय विद्यालयहरू क्वारेन्टाइन तथा आइसोलेशन सेन्टरको रूपमा पनि प्रयोग गरिए । कोभिड-१९ का कारण बन्द रहेका विद्यालयका शैक्षिक क्रियाकलापमा सहजीकरण गर्ने अभिप्रायले नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।०४।१२ को निर्णयबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई विद्यालय पुनः सञ्चालन सम्वन्धी कार्यढाँचा जारी गर्ने जिम्मेवारी दिइयो। शिक्षण संस्थाहरूमा शिक्षण सिकाइ तथा परीक्षा र मूल्याङ्कन सम्वन्धी क्रियाकलापहरूलाई सहजीकरण गर्ने तथा व्यवस्थित तुल्याउने अभिप्रायले नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।०६।२२ को निर्णयबाट कोभिड-१९ को जोखिम नभएका र जोखिम कम हुँदै जाने स्थानीय तहमा आलोपालो सिफ्ट लगायतका उपयुक्त मोडालिटी अपनाइ विद्यालयमा पठन पाठन सञ्चालन गर्न गराउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई स्वीकृति प्राप्त भएको तथा मिति २०७७।०६।१५ को निर्णयवाट नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट जारी गरिएको जनस्वास्थ्य एवम् सुरक्षा सम्वन्धी मापदण्डहरू पूर्ण रुपमा पालना गर्नेगरी विद्यालय तथा शिक्षण संस्थाहरूलाई सबै तह, विषय र प्रकृतिका परीक्षाहरू सञ्चालन गर्न सैद्धान्तिक स्वीकृति दिइनुका साथै मिति २०७७।०६।२२ को निर्णयबाट २०७६ चैत्रमा स्थगित भएको माध्यमिक शिक्षा उतीर्ण परीक्षा (कक्षा १२ ) को सञ्चालन तथा व्यवस्थापनका लागि परीक्षा सम्वन्धी विधि, पद्धति, प्रक्रिया र अन्य आवश्यक व्यवस्था समेत मिलाई परीक्षा सञ्चालन गर्न गराउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई स्वीकृति प्राप्त भएकोले तदनुरुप विद्यालय सञ्चालन तथा बन्द गर्ने कार्य प्रक्रियाहरूलाई व्यवस्थित र सुरक्षित बनाउन यो कार्याढाँचा तयार गरी जारी गरिएको हो ।

कोभिड-१९ को संक्रमणको अवस्थालाई स्थानीय र विद्यालय तहमा समीक्षा गरी विद्यालयलाई भयरहित एवम् सुरक्षित तवरमा सञ्चालनमा ल्याई बालबालिकाको शिक्षण सिकाइ र परीक्षा तथा मूल्याङ्कन सम्वन्धी प्रक्रियालाई सहज र निरन्तर बनाउने तथा जोखिमको अवस्थाहेरी आवश्यकता अनुसार ति विद्यालयहरू पुनः खास अवधिका लागि बन्द गर्नु पर्ने अवस्था आएमा बन्द गर्ने र अवस्था सहज हुँदाका बखत पुनः सञ्चालन गर्ने कार्यका लागि प्रदेश र स्थानीय तहबाट प्राप्त भएका सुझावहरूका साथै विद्यालय शिक्षाका सरोकारवालहरूसँग पटक पटक गरिएका परामर्श समेतका आधारमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो कार्यढाँचा तयार गरेको हो ।

देशभरका सबै सार्वजनिक तथा निजी लगानीका विद्यालयहरूमा विद्यालय सञ्चालनको तयारी तथा विद्यालय सञ्चालनका क्रममा गर्नुपर्ने न्यूनतम क्रियाकलापहरूको खाका यस कार्यढाँचामा प्रस्तुत गरिएको छ । प्रदेश सरकार तथा स्थानीय तहहरूले आफ्नो क्षेत्रका विद्यालयमा बालबालिकाको सुरक्षा, महामारीको सङ्क्रमणबाट बचावट र सहज सिकाइ वातावरण तयारी गर्ने लगायतका विषयमा स्थानीय आवश्यकता अनुकूल रणनीति तयार गरी थप क्रियाकलापहरू गर्न सक्ने गरी आधारभूत क्रियाकलापहरू यस कार्यढाँचामा समेटिएको छ ।

## २.कार्यढाँचाको उद्देश्य

यस कार्यढाँचाको मुख्य उद्देश्य कोभिड-१९ को सङ्क्रमणको रोकथामका लागि बन्द रहेका तथा क्वारेन्टाइन वा आइसोलेशन सेन्टरको रूपमा प्रयोग भएका विद्यालयहरूको सञ्चालनका प्रक्रियागत विषयहरूमा प्रष्ट मार्ग निर्देश गर्नु हो । यस कार्यढाँचाले स्थानीय तह एवं विद्यालयहरूले विद्यालय सञ्चालनपूर्व गर्नुपर्ने तयारी, विद्यार्थी भर्ना, विद्यालय सञ्चालन एवं शिक्षण सिकाइ व्यवस्थापन तथा स्थगित परीक्षा सञ्चालनका सन्दर्भमा गर्नुपर्ने मुलभूत कार्यहरूलाई व्यवस्थित बनाउनुका साथै स्थानीय परिस्थितिको विश्लेषणका आधारमा विद्यालय बन्द गर्ने वा सञ्चालन गर्ने भन्ने विषयमा निर्णय गर्न आधार प्रदान गरी कोभिड-१९ को संक्रमण र जनस्वास्थ्यको दृष्टिले सुरक्षित विद्यालय सञ्चालन गर्न दिशा निर्देश गर्दछ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## ३. विद्यालय सञ्चालन पूर्व गर्नुपर्ने तयारी

### ३. १. विद्यालय खोल्ने निर्णय प्रकृया, समन्वय तथा सहकार्य सम्वन्धमा

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट जारी गरिएको जनस्वास्थ्य एवम् सुरक्षा सम्वन्धी मापदण्ड तथा निर्देशनको परिधिभित्र रही विद्यालय बन्द वा पुनःसञ्चालन गर्ने सम्वन्धमा स्थानीय तहले उपलब्ध भएसम्म जनप्रतिनिधि, शिक्षाविद्, शिक्षक महासङ्घ र विद्यालय सञ्चालकहरूको छाता सङ्गठनका पदाधिकारीहरू, प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घका पदाधिकारी, स्वास्थ्यकर्मी, बाल/युवा क्लबका सदस्यहरूसँग परामर्श गरी विद्यालय खोल्ने आधारहरूको समीक्षा गर्ने ।समीक्षा गर्दा विद्यालयका शिक्षक, विद्यार्थी, विद्यालय कर्मचारीहरूको स्वास्थ्य र उनीहरूको उपस्थितिको सम्भावना तथा संक्रमित भएका कारण शिक्षक उपस्थित हुन नसक्ने अवस्था भएमा वैकल्पिक व्यवस्था के हुन्छ भन्ने विषयमा पनि विचार गर्ने ।

(ख) स्थानीय तहले बुँदा (क) अनुसार गरिएको समीक्षाको आधारमा आलोपालो सिफ्ट वा अन्य कुन उपयुक्त मोडालिटीवाट विद्यालय सञ्चालन गर्न सकिन्छ भन्ने विषयमा विद्यालयबाट प्रस्ताव माग गर्ने ।विद्यालयले प्रस्ताव गरेको विषयमा आवश्यकता अनुसार जिल्ला संकट व्यवस्थापन केन्द्रसँग समन्वय गरी विद्यालय सञ्चालन गर्न वा बन्द गर्न निर्देशन दिने । विद्यालय सञ्चालन वा पुनःसञ्चालन गर्दा स्थानीय तहभित्र सङ्क्रमणको जोखिम नभएको वा सबैभन्दा न्यून रहेको क्षेत्रमा अवस्थित विद्यालयबाट शुरु गर्ने गरी व्यवस्था गर्न सकिने । स्रोत कक्षा तथा विशेष विद्यालयलाई पुनः सुचारू गर्नका लागि स्वास्थ्य विज्ञहरूसँग परामर्श गरेर कार्य गर्ने ।

(ग) स्थानीय तहले वा स्थानीय तहको निर्देशन वमोजिम विद्यालयले विद्यालय सञ्चालनको समय र मिति सहितको सूचना प्रकाशन गर्नुपर्ने । यस्तो सूचना प्रकाशन तथा प्रसारण गर्दा विद्यालय खुल्ने तथा बालबालिका विद्यालय आउने दिन, विद्यालय आउँदा-जाँदा र विद्यालयमा रहदा पालन गर्नुपर्ने स्वास्थ्य सम्वन्धी मापदण्डको जानकारी, विद्यालय भवनको निर्मलीकरण र विद्यालयहरूमा उपलब्ध सुविधा

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

लगायतका विषयहरूमा आवश्यकता अनुसार स्थानीय भाषामा समेत सूचनामूलक सामग्री प्रकाशन तथा प्रसारण गर्ने ।

(घ) स्थानीय तहले विद्यालयलाई क्वारेन्टाइन स्थल वा आइसोलेसन सेन्टरको रूपमा प्रयोग गरेका विद्यालयहरू भए क्वारेन्टाइन वा आइसोलेसन सम्वन्धी कार्यहरू हटाई विद्यालय भवन र परिसरको निर्मलीकरण गर्ने ।

(ङ) विद्यालय व्यवस्थापन समितिले स्थानीय तहको सहयोग र निर्देशनमा आफ्ना शिक्षक, कर्मचारी, अभिभावक र बालबालिकालाई विद्यालय खोल्ने आधारहरू तथा जनस्वास्थ्य र सुरक्षाका मापदण्डहरुको जानकारी गराउँदै बालबालिकालाई विद्यालय जानका लागि मानसिक रूपमा तयार पार्नुपर्ने ।

(च) स्थानीय तहले सामाजिक विकास समिति वा गाउँ/नगर शिक्षा समिति वा अन्य संयन्त्रको प्रयोग गरी स्वास्थ्य संस्था, समुदाय, अभिभावक र विद्यालयका बीचमा सञ्चार तथा समन्वय कायम गर्ने । यस कार्यमा सहयोग पुऱ्याउन विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घलाई सक्रिय बनाउने।

(छ) स्थानीय तहले स्थानीय स्तरमा कार्यरत गैरसरकारी तथा समुदायमा आधारित संस्थाहरूसँग समन्वय र सहकार्य गरी आवश्यक कार्यहरू गर्ने गराउने ।

(ज) अपाङ्गता भएका तथा विशेष आवश्यकता भएका बालबालिकाहरूको सवालमा अपाङ्गताको क्षेत्रमा काम गर्ने संस्था र अभिभावकहरूसँग समन्वय र सहकार्य गर्ने गरी प्रवन्ध स्थानीय तहले मिलाउने । यसो गर्दा अपाङ्गता भएका तथा अति विपन्न परिवारका बालबालिकाहरूका लागि विशेष सुविधा, उपचारात्मक शिक्षण, दिवा खाजा व्यवस्थापन लगायतका विषयहरूको आवश्यक प्रवन्ध गर्ने ।

(झ) स्थानीय तहले विद्यालयमा पठनपाठन सुचारु गर्नका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, प्रदेश तथा स्थानीय तहमा विकास गरिएका सिकाइ सामग्रीहरूको प्राप्ति तथा वितरणका लागि समन्वय गर्ने र सबै बालबालिकाहरूले उक्त सामग्रीहरू प्राप्त गरेको सुनिश्चित गर्ने ।

(ञ) स्थानीय तहले प्रदेश सामाजिक विकास मन्त्रालय, जिल्ला समन्वय समिति, स्थानीय स्तरमा कार्यरत गैरसरकारी तथा समुदायमा आधारित संस्थाहरूवाट भए गरेका काममा निरन्तर समन्वय र सहजीकरण गर्ने ।

३. २. जनस्वास्थ्य, सुरक्षा र मनोपरामर्श सम्वन्धमा

(क) स्थानीय तह र विद्यालयले बालबालिकाको सुरक्षाका लागि न्यूनतम पूर्वाधार (फर्निचर, शौचालय, पर्याप्त प्रकाश र हावा आवत जावत गर्न सक्ने कक्षाकोठा आदि), स्वास्थ्य तथा सरसफाइका लागि साबुन, पानी, सेनिटाइजर तथा विद्यालयमा आउनेहरूका लागि तापक्रम लिने व्यवस्था गर्ने ।

(ख) विद्यालय व्यवस्थापन समितिले शिक्षक, विद्यालय कर्मचारी, विद्यार्थी तथा अभिभावकहरूले अनिवार्य मास्क लगाउने, भौतिक दूरी मिलाई बस्ने, खाजा व्यवस्थापन गर्ने लगायतका विषयवस्तु समावेश गरी विद्यालय जाँदा, विद्यालयमा रहँदा वा घर फर्कदा एवं घरमा पुगेपछि पालना गर्नुपर्ने आचारसंहिता उनीहरूको सहभागिता समेत गराई तयार गर्ने तथा यसरी तयार भएको आचार संहिता सरोकारवाला सबैले अनिवार्य पालना गर्ने व्यवस्था मिलाउने ।

(ग) स्थानीय तहले सामाजिक विकास समिति वा गाउँ/नगर शिक्षा समिति मार्फत् वा आवश्यकता अनुसार वडास्तरीय अनुगमन तथा सहजीकरण उपसमिति गठन गरी विद्यालय सञ्चालनका लागि सुरक्षित विद्यालयका न्यूनतम मापदण्ड पूरा भए नभएको यकिन गर्ने, गराउने । यसका लागि अनुसूची १ मा दिइएको सुरक्षित विद्यालय रुजुसूची अनुसार विद्यालयको रुजु गर्ने र सो अनुसार नभएमा मापदण्डहरू पूरा गरी विद्यालय सञ्चालन गर्ने प्रबन्ध मिलाउने ।

(घ) विद्यालयमा आउने बालबालिका, शिक्षक तथा विद्यालय कर्मचारीहरूमा स्वास्थ्य सम्वन्धी कुनै समस्या पैदा भएमा वा कोभिड-१९का लक्षणहरूसँग मिल्दा जुल्दा लक्षणहरू देखा परेमा विद्यालयले तत्काल स्थानीय तह, अभिभावक वा घरपरिवारलाई जानकारी गराउने प्रबन्ध गर्ने।

(ङ) आवश्यकता अनुसार स्वास्थ्यकर्मी सहितको हेल्प डेस्क निर्माण गर्ने वा नजिकको स्वास्थ्य संस्थाको समन्वयमा निरन्तर स्वास्थ्य परीक्षण र परामर्श जस्ता कार्यक्रम

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

सञ्चालन गर्ने । संक्रमणको उच्च जोखिममा रहेका बालबालिकाहरूलाई नजिकको स्वास्थ्य केन्द्रमा जँचाएपछि मात्र विद्यालयमा आउने गरी पहिले नै सूचित गर्ने र विद्यालयमा ज्वरो परीक्षण गर्ने व्यवस्था गर्ने।

(च) संक्रमित शिक्षक, विद्यालय कर्मचारी तथा बालबालिकाहरूलाई पूर्ण रूपमा निको नहुन्जेल विद्यालयमा नआउने वातावरण मिलाउने र सिकाई निरन्तरताका लागि वैकल्पिक उपायहरू पहिले नै तय गर्ने ।

(छ) हरेक विद्यालयले आफ्ना विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, विद्यालयका, शिक्षक, कर्मचारी र अभिभावक तथा स्थानीय तहमा रहेका विद्यालय स्वास्थ्यकर्मी, मनोसामाजिक परामर्शदाता, अस्पताल, एम्बुलेन्स आदिको सम्पर्क नम्बरसहितको विवरण अद्यावधिक गर्ने र आवश्यकता अनुसार स्थानीय तहलाई समेत उपलब्ध गराउने ।

(ज) स्थानीय तहले कोभिड-१९ को भयबाट मुक्त गराउनका लागि स्थानीय स्वास्थ्य कार्यकर्ता, सामाजिक परिचालक, मनोपरामर्शदाता तथा सम्पर्क शिक्षक तोकी बालबालिका, शिक्षक, विद्यालयका कर्मचारी एवं अभिभावकहरूलाई आवश्यकता अनुसार मनोसामाजिक परामर्श दिने व्यवस्था मिलाउने ।

(झ) अपाङ्गता भएका बालबालिकाका हकमा अभिभावक लागि समेत परामर्श दिने व्यवस्था स्थानीय तहले मिलाउने। अपाङ्गता भएका बालबालिकाहरूलाई तत्काल विद्यालयमा ल्याउन सम्भव नभएको खण्डमा वैकल्पिक शिक्षण सिकाइ (घरमा अध्ययन गर्ने वातावरण) को व्यवस्था विद्यालयले गर्ने।

(ञ) विद्यालय तथा शिक्षकहरूले बालबालिकाका अनुभव सुन्ने, उनीहरूको संवेदनशीलता बुझ्ने र उनीहरूमाथि कुनै पनि प्रकारका विभेद, लैङ्गिक हिंसा, दुर्व्यवहार आदि नभएको सुनिश्चितता गर्ने ।

३. ३. शैक्षिक योजना र तालिम सम्वन्धमा

(क) राष्ट्रिय पाठ्यक्रम प्रारुप र कक्षागत एवम् विषयगत पाठ्यक्रममा तोकिएका सिकाइ उपलब्धिहरू पूरा गराउने गरी शैक्षिक सत्रको व्यवस्थापनका लागि विद्यालयले पाठ्यक्रम विकास केन्द्रले तयार पारेको पाठ्यवस्तु समायोजना ढाँचा, २०७७

बमोजिम सङ्क्रमणकालीन वार्षिक कार्यतालिका र सबै शिक्षकहरूले सङ्क्रमणकालीन वार्षिक शैक्षणिक योजना तयार गर्ने।

(ख) प्रदेश शिक्षा तालिम केन्द्रले विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७ र पाठ्यवस्तु समायोजना ढाँचा २०७७ समेतका आधारमा शिक्षकलाई आवश्यक तालिम तथा अभिमुखीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने गराउने । यसका साथै शिक्षकहरूलाई पाठ्यक्रम अनुकूल हुने गरी कठिन परिस्थितिमा सिकाइ सहजीकरण गर्न अपनाउनुपर्ने विधि तथा प्रक्रियाको बारेमा तत्कालिक आवश्यकता अनुसार सुपरिवेक्षण तथा तालिम प्रदान गर्ने ।

(ग) यस कार्यढाँचाले निर्दिष्ट गरेका क्रियाकलापहरू कुशलतापूर्वक सम्पादन गर्नका लागि स्थानीय तहको समन्वयमा विद्यालयले विषयवस्तुको प्रकृति अनुसारका सहजकर्ताद्वारा शिक्षकलाई अभिमुखीकरण गर्ने ।

(घ) तालिम तथा अभिमुखीकरणका कार्यहरू सञ्चालन गर्दा स्रोत कक्षा तथा विशेष विद्यालयमा अध्यापन गर्ने शिक्षक तथा कर्मचारीहरूलाई विशेष तालिमको व्यवस्था गर्ने ।

(ङ) स्थानीय तहले सङ्क्रमण व्यवस्थापन तथा बालबालिकाको सिकाइ निरन्तरताका लागि प्रतिकार्य योजना तयार गरी सोको कार्यान्वयन गर्ने गराउने ।

३.४. भौतिक सुविधा तथा बसाइ व्यवस्थापनको तयारी सम्वन्धमा

(क) विद्यालय व्यवस्थापन समितिले भौतिक दुरी कायम राखी सिक्ने वातावरण तयार गर्न कक्षाकोठा, फर्निचर, शौचालय, छात्रावास, सभाहल आदिको आवश्यकता अनुसार पुनः व्यवस्थापन वा मर्मत गर्ने गराउने।

(ख) संक्रमणको जोखिम, विद्यार्थी सङ्ख्या तथा उपलब्ध भौतिक पूर्वाधार समेत हेरी व्यवस्थापनमा सहजताका लागि स्थानीय तहले देहाय अनुसारका विकल्पहरूमध्ये उपयुक्त विकल्प प्रयोग गर्ने गरी तयारी तथा कार्यान्वयन गर्ने गराउनेः

१) सबै कक्षा र विद्यार्थीलाई एकै समयमा कक्षा सञ्चालन गर्ने,

२) अलग अलग समय (सिफ्ट) मा अलग अलग कक्षा वा तह सञ्चालन गर्ने,

३) विद्यालय खुल्ने तथा कक्षा सञ्चालनको अवधि/ घन्टी छोट्याउने,

४) अवस्था हेरी तल्ला कक्षालाई पहिले वा माथिल्लो कक्षाका विद्यार्थीलाई पहिले (जोखिम र सहजतालाई हेरी) कक्षा सुरु गर्ने,

५) कुनै दिन केही कक्षा र कुनै दिन बाँकी अरु कक्षा सञ्चालन हुने गरी पालैपालो कक्षा सञ्चालन गर्ने,

६) कक्षाका केही विद्यार्थी कुनै दिन वा सिफ्ट र बाँकी विद्यार्थी अर्को दिन वा सिफ्टमा सञ्चालन हुने गरी पालैपालो कक्षा सञ्चालन गर्ने,

७) हप्तामा केही दिन, दिनमा केही घण्टा सञ्चालन गर्ने ।

(ग) स्थानीय तहले विद्यालयहरूमा पानी, स्वास्थ्य तथा सरसफाइ सुविधाको व्यवस्था गर्ने गराउने र सरसफाइ सम्बन्धी विशेष नियमहरू (जस्तैः हात धुने, खोकी लाग्दा वा हाच्छिउँ आउँदा मुख छोप्ने, अन्य सुरक्षाका उपकरणहरू प्रयोग गर्ने र उपकरणको सरसफाइ गर्ने) का विषयमा सचेतीकरण गर्ने र घरमा समेत त्यसको अभ्यास गराउने व्यवस्था गर्ने।

(घ) विद्यालयभित्र कक्षाकोठा, शौचालय, पिउने पानी आदि जस्ता स्थानहरूमा शिक्षक, विद्यार्थी तथा विद्यालय कर्मचारीहरूले पालना गर्नुपर्ने न्यूनतम भौतिक दुरीको अनिवार्य पालनाको विषय आचार संहितामा समेत समावेश गर्ने ।

(ङ) बालविकास केन्द्र तथा विद्यालयको कम्पाउन्ड, कक्षाकोठा, फर्निचर, सवारी साधन, क्यान्टिन, पुस्तकालय, प्रयोगशाला, शौचालय, छात्रावास आदिलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट तयार गरिएको प्रतिसङ्क्रमण गर्ने विधि अनुसार निर्मलीकरण तथा नियमित सरसफाइ गर्ने व्यवस्था मिलाउने ।

## ४. विद्यालय सञ्चालनको अवधिमा गर्नुपर्ने कार्यहरू

### ४.१. सुरक्षित सञ्चालन सम्बन्धमा

(क) विद्यालयमा समय समयमा भौतिक दुरी कायम गरी शिक्षक स्टाफ बैठक बसी सङ्क्रमणकालीन व्यवस्थापन सम्बन्धमा छलफल गर्ने र आवश्यकता अनुसार रणनीति तथा कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने ।

(ख) स्थानीय स्वास्थ्य संस्थासँगको समन्वयमा स्वास्थ्य परामर्श प्राप्त गरी विद्यालयमा प्रवेश गर्ने बालबालिका, शिक्षक, कर्मचारी लगायत सबैको ज्वरो परीक्षण गर्ने ।

(ग) विद्यालयमा सबैले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, सबै विद्यार्थीहरूलाई मास्कको प्रयोग उचित तरिकाले गर्न लगाउने । आवश्यकता अनुसार अति विपन्न समुदायका बालबालिकाहरूका लागि स्थानीय तहको समन्वय तथा सहयोगमा विद्यालयले मास्कको व्यवस्था गर्ने ।

(घ) विद्यालय परिवार बाहेक अन्य व्यक्तिहरूलाई विद्यालय परिसरमा आउन निषेध गर्ने र अत्यावश्यक कामका लागि नआई नहुने परिस्थिति भएमा प्रधानाध्यापकको अनुमति लिई मास्क लगाएर भौतिक दुरी कायम गरेर मात्र आउने व्यवस्था गर्ने ।

(ङ) विद्यालयले तयार पारेको आचार संहिता तथा सङ्क्रमणको समयमा गर्नुपर्ने र गर्न नहुने क्रियाकलापहरूको सूची तयार गरी सबैले देख्ने ठाउँमा राख्ने/टाँस्ने ।

(च) एक जना शिक्षकलाई (उपलब्ध भएसम्म स्वास्थ्य शिक्षा वा विज्ञान विषय शिक्षण गर्ने शिक्षकलाई) सम्पर्क ब्यक्ति (फोकल पर्सन) तोक्ने । विद्यार्थीहरूको कार्यलाई व्यास्थित गर्न कक्षागत वा समूहगत रूपमा विद्यार्थी मनिटरको व्यवस्था गर्ने ।

(छ) विद्यार्थी सङ्ख्याको आधारमा पर्याप्त मात्रामा सफा पानी, हात धुने स्थान, साबुन र अन्य सरसफाइ सामग्रीको व्यवस्था सहित नियमित रूपमा हातधुने व्यवस्था गर्ने ।

(ज) विद्यालय सञ्चालनका समयमा शिक्षक, विद्यालय कर्मचारी तथा विद्यार्थीमा स्वास्थ्य सम्वन्धी समस्या वा संक्रमणको लक्षण देखिएमा तत्काल राख्नका लागि आइसोलेसन कक्षको प्रयोग गर्ने । उनीहरूलाई अभिभावक तथा स्वास्थ्य संस्थामा पुऱ्याउने प्रवन्ध गर्ने र स्वस्थ नभएसम्मका लागि विद्यालयमा नआउन सूचित गर्ने ।

(झ) प्रारम्भिक बालविकास केन्द्र र विद्यालयमा बालबालिका बीचको न्यूनतम १ मिटरको भौतिक दुरी कायम हुने गरी कक्षा कोठामा दैनिक विद्यार्थीहरूको बसाइ व्यवस्थापन गर्ने । जोखिम रहँदासम्म एउटा कक्षा वा सेक्सनका विद्यार्थीहरूलाई सधैं एउटै समूह वा कक्षामा राख्ने कार्यलाई निरन्तरता दिने । कक्षा कोठाका झ्याल ढोका खुला राखी पर्याप्त हावा आवतजावत गर्न सक्ने वनाउने ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(ञ) विद्यालय स्वास्थ्य तथा सरसफाइ सम्बन्धी नियमहरू कडाइका साथ पालना गर्ने तथा छात्राहरूको लागि सेनिटरी प्याड र छुट्टै शौचालयको व्यवस्था गर्ने एवं शौचालयलाई दैनिक निर्मलीकरण गर्ने ।

(ट) खाजा खानका लागि कक्षाहरूलाई फरक फरक समयमा छुट्टी दिने, खाना बाँडेर नखाने, कक्षाकोठाभित्र खाना खाजा नखाने । दिवा खाजा खुवाउनुपर्ने बाबालिकाहरूका लागि उनीहरूको पोषण तथा स्वास्थ्यलाई ख्याल गरी दिवा खाजा व्यवस्थापन तथा सहजीकरण पुस्तिकामा उल्लेख भएअनुसारको न्यूनतम पोषक तत्त्वहरूसहितको खाजा सम्भव भएसम्म विद्यालयमा नै बनाएर खुवाउने।

४.२. सिकाइ सहजीकरण सम्बन्धमा

(क) शिक्षकद्वारा बालबालिकाहरूका लागि आधारभूत सिकाइ सामग्री (जस्तै पाठ्यपुस्तक, कलम, कापी, स्वाध्ययन सामग्री, स्टेसनरी आदि) भएको सुनिश्चित गर्ने । आधारभूत सिकाइ सामग्रीको प्रबन्ध गर्न नसकेका बालबालिकाहरूका लागि स्थानीय तहसँग समन्वय गरी विद्यालयले उपलब्ध गराउने ।

(ख) विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७ अनुसारका सिकाइका क्रियाकलापहरूलाई निरन्तरता दिने । सिकाई सहजीकरणका लागि पाठ्यक्रम विकास केन्द्रले तयार पारेको पाठ्यवस्तु समायोजन ढाँचा २०७७ अनुसार गर्ने गराउने । यसका साथै शिक्षा तथा मानव स्रोत विकास केन्द्र र पाठ्यक्रम विकास केन्द्रबाट तयार गरिएका वा स्वीकृति प्रदान गरिएका सिकाइ सामग्रीहरूको प्रयोग गर्ने र गर्न लगाउने ।

(ग) शिक्षण तथा सिकाइ सामग्री (जस्तैः पाठ्यपुस्तक, कापी, कलम, मार्कर, डस्टर आदि) र खेल सामग्रीहरू एकअर्कोसँग साटासाट नगर्ने नगराउने।

(घ) प्रारम्भिक बालविकासका बालबालिकाहरूका लागि सकभर सामग्री साटासाट नगरीकन प्रयोग गर्ने र प्रयोगपछि प्रतिसङ्क्रमण वा निर्मलीकरण गर्ने गराउने।

(ङ) बालबालिकाहरूको पूर्वसिकाइ (विद्यालय बन्द भएको बेला घर परिवारमा सिकेको, वैकल्पिक माध्यमबाट सिकेको वा सिकाइ क्षति भएको) मूल्याङ्कन गरी उनीहरूको स्तर र आवश्यकता निर्धारण गरी सिकाइ सहजीकरण गर्ने ।

(च) शिक्षकद्वारा बालबालिकाहरूको सिकाइको नियमित अनुगमन गर्ने, सिकाइमा पछि परेका बालबालिकाको पहिचान गरी उनीहरूको सिकाइका लागि थप सहयोग गर्ने ।

(छ) बिरामी वा संक्रमणको कारण नियमित रूपमा विद्यालयमा आउन नसक्ने बालबालिकलाई वैकल्पिक प्रणाली, विधि तथा सामग्रीको प्रयोग गरी सिकाइलाई निरन्तरता दिने । साथै विद्यालयको नियमित सिकाइ प्रक्रियाबाट (विद्यालयमा नआएका वा अनियमित भएका वा बिचमा छोडेका) बाहिर रहेका बालबालिकाहरूका लागि स्थानीय आवश्यकता र उपलब्ध स्रोत र सामग्रीहरूको प्रयोग गर्दै सिकाइ सहजीकरण निर्देशिका २०७७ अनुसारको सिकाइमा सहजीकरण गर्ने ।

(ज) विशेष आवश्यकता भएका बालबालिकालाई सिकाइ प्रक्रियामा सहभागी गराउनका लागि उनीहरूको आवश्यकता अनुसार सिकाइ सामग्रीको व्यवस्थापन र शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गर्ने ।

(झ) सङ्क्रमणको जोखिम अवधिभर सामूहिक क्रियाकलापमा कम प्राथमिकता दिने । न्यूनतम भौतिक दुरी कायम गर्न नसकिने अवस्थामा सामूहिक क्रियाकलापहरू जस्तैः प्रार्थना, समूह खेल आदि नगराउने । अवस्था हेरी रमाइला र सिर्जनात्मक जीवनोपयोगी क्रियाकलापहरू व्यक्तिगत रूपमा गर्ने गराउने वा भौतिक दुरी कायम गरी नियमित रूपमा शारीरिक व्यायाम तथा योग अभ्यासहरू गराउने ।

(ञ) दैनिक कार्य सञ्चालनमा आइपरेका समस्याहरू समाधान गर्ने गरी नियमित रूपमा शिक्षकहरू बीचमा अनुभवको आदानप्रदान गर्ने र जटिल समस्या भएमा समाधानका लागि विज्ञहरूसँग परामर्श लिने ।यसका लागि आवश्यकता र सम्भव भएसम्म अनलाइनमार्फत पनि विज्ञसँग परामर्श गर्न सकिने ।

(ट) सूचना प्रविधिमाथि बालबालिकाको बढ्दो निर्भरतालाई सकारात्मक र उत्पादनशील बनाउन डिजिटल साक्षरताको उपयोग सम्बन्धमा जानकारी दिने ।

## ५. विद्यालय सञ्चालनको अवधिमा गर्नुपर्ने कार्यहरू

(क) स्थानीय तह र हरेक विद्यालयले विद्यालयमा हुने सबै तह, विषय र प्रकृतिका परीक्षाहरूको सञ्चालन र व्यवस्थापन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय

तहवाट समय समयमा जारी गरिएको जनस्वास्थ्य एवम् सुरक्षा सम्वन्धी मापदण्डहरू पूर्ण रूपमा पालना भएको सुनिश्चितता गर्ने ।

(ख) विद्यालय हाता भित्र सञ्चालन हुने परीक्षा सम्वन्धी क्रियाकलापमा यसै कार्यढाँचामा उल्लेख भए वमोजिम विद्यालयले तयार पारेको आचारसंहिताका साथै भौतिक सुविधा तथा वसाइ व्यवस्थापन र सुरक्षित सञ्चालन सम्वन्धी व्यवस्थामा उल्लेख भएका कार्यहरू गर्ने गराउने ।

(ग) विद्यालयले २०७७ असार १ बाट सञ्चालन गरिएको वैकल्पिक प्रणालीद्वारा विद्यार्थीको सिकाइ सहजीकरण कार्यक्रमका साथै सिकाइ सहजीकरण निर्देशिका २०७७ तथा पाठ्यक्रम विकास केन्द्रले तयार पारेको पाठ्यवस्तु समायोजना ढाँचा २०७७ अनुसार अनुसार सञ्चालन गरिएका शिक्षण सिकाइ क्रियाकलापबाट बालबालिकाले सिकेका कुराहरूको मूल्याङ्कन गराई सोका आधारमा उपचारात्मक शिक्षण सिकाइको व्यवस्थापन गर्ने ।

(घ) स्थगित रहेको कक्षा ११ को परीक्षा र माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२ को परिक्षा) लगायत राष्ट्रिय परिक्षा बोर्डबाट सञ्चालन र व्यवस्थापन हुने परीक्षाका सम्वन्धमा यसमा उल्लेख भएका कुराहरूको अतिरिक्त राष्ट्रिय परीक्षा बोर्डवाट तयार पारिएको कार्यविधि, मापदण्ड र समय समयमा दिइएका जिम्मेवारी अनुसारका कार्यहरू गर्ने गराउने ।

## ६. निरन्तर अनुगमन तथा सुपरिवेक्षण

(क) विद्यालयका प्रधानाध्यापकले शिक्षक र विद्यालय कर्मचारीको तथा शिक्षकले आफ्ना कक्षाका विद्यार्थीको नियमित रूपमा सामान्य स्वास्थ्य अवस्थाको निगरानी गर्ने र कोभिड-१९ सँग मिल्ने लक्षणहरू देखिएमा वा खास विद्यार्थी, शिक्षक र विद्यालय कर्मचारीहरू स्वास्थ्यका कारण अनुपस्थित भएको पाइएमा स्थानीय तहलाई जानकारी गराउने ।

(ख) विद्यालयमा दिवा खाजा बाहिरबाट झिकाइएको खण्डमा खाजा तयार गर्ने व्यक्ति वा क्यान्टिनले पूर्ण रूपमा स्वास्थ्य उपायहरूको पालना भए नभएको विषयमा विद्यालय व्यवस्थापन समितिद्वारा नियमित अनुगमन तथा सहजीकरण गर्ने ।

(ग) अनुसूची १ मा दिइएको सुरक्षित विद्यालय रूजुसूचीका आधारमा प्रधानाध्यापकले आफ्नो विद्यालयको स्वःमूल्याङकन गरी विद्यालय व्यवस्थापन समिति र स्थानीय तहलाई उपलब्ध गराउने । विद्यालय व्यवस्थापन समितिले पनि यसै सूची अनुसारका क्रियाकलाप भए नभएको नियमित अनुगमन गरी सोअनुसार कार्यान्वयन गर्ने गराउने।

(घ) विद्यालयमा आवश्यक मापदण्ड पुरा भएको छ या छैन भन्ने यकीन गर्न स्थानीय तह र र अन्य अनुगमन कर्ताले समेत अन्य तोकिएको साधनको अतिरिक्त अनुसूची १ मा दिइएको रूजुसूचीको प्रयोग गर्ने ।

(ङ) स्थानीय तहले विद्यालय सञ्चालनको नियमित लेखाजोखा तथा अनुगमनका लागि सामाजिक विकास समिति वा गाउँ/नगर शिक्षा समिति परिचालन गर्ने र विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घलाई थप सक्रिय बनाउने ।

## ७. विद्यालय सञ्चालनको कार्य स्थगित वा बन्द गर्ने

(क) यदि स्थानीय तहमा कोभिड-१९ को सङ्क्रमण पुनः बढेमा वा स्थानीय तह भित्र खास विद्यालयमा संक्रमणको जोखिम बढेमा नेपाल सरकार र प्रदेश सरकारले तय गरेका जनस्वास्थ्य तथा सुरक्षा सम्वन्धी मापदण्डहरूको आधारमा स्थितिको समीक्षा गरी जिल्ला संकट व्यवस्थापन केन्द्रसँग आवश्यक समन्वय गरी स्थानीय तहले खास अवधिका लागि विद्यालय सञ्चालनको कार्य स्थगित गर्ने वा विद्यालय बन्द गर्ने निर्देशन दिने ।

(ख) विद्यालयहरू पुनः बन्द गर्नु पर्ने परिस्थिति सिर्जना भएमा विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७ वमोजिम सिकाइलाई निरन्तरता दिने ।

(ग) संक्रमणको जोखिम बढ्न गइ विद्यालय बन्द गर्नु परेको अवस्थामा जोखिम हटेको वा जोखिम कम भइ स्थिति सहज हुँदै जाँदा विद्यालयहरू पुनः सुचारु गर्नु पर्दा पुनः शुरूदेखि नै यस कार्यढाँचा अनुसार व्यवस्थापन गर्दै जाने ।

## ८.जिम्मेवारी तथा उत्तरदायित्वहरू

### ८.१ सङ्घीय तह

विद्यालय सञ्चालनलाई प्रभावकारी बनाउने कार्यमा सङ्घीय तहबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मुख्य जिम्मेवारी निर्वाह गर्ने छ ।यसका लागि मन्त्रालयले केन्द्रदेखि जिल्लासम्मका संरचनाहरू समेत परिचालन गर्ने छ । सङ्घीय तहका मुख्य जिम्मेवारी तथा उत्तरदायित्वहरू यस प्रकार हुनेछन् ।

(क) विद्यालय सञ्चालन सम्वन्धमा आवश्यक थप मापदण्ड तथा समष्टिगत निर्देशनहरू तयार गर्ने ।

(ख) स्रोत परिचालनका लागि समन्वय र सहजीकरण गर्ने ।

(ग) विद्यालय सञ्चालनका लागि उपलब्ध स्रोत ससर्त अनुदानका रूपमा प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने ।

(घ) शिक्षक तालिम, अभिभावक शिक्षा तथा अभिमुखीकरणको मार्गदर्शन तयार गर्ने ।

(ङ) केन्द्रबाट विकास गरिएका सिकाइ सामग्रीहरू समयमै पुऱ्याउन उत्पादन तथा सहजीकरण गर्ने गराउने ।

(च) वैकल्पिक सिकाइ सामग्री उत्पादन, वितरण तथा प्रसारण गर्ने गराउने ।

(छ) जिल्लास्तरबाट नियमित रूपमा प्रतिवेदन प्राप्तगरी विद्यालय सञ्चालनको समग्र अवस्थाको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ज) विद्यालय सञ्चालन सम्बन्धमा आवश्यक समन्वय र सहजीकरणका कार्यहरू गर्ने गराउने ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

८.२ प्रदेश तह

विद्यालय सञ्चालनलाई प्रभावकारी बनाउने कार्यमा प्रदेश तहमा मुलतः सामाजिक विकास मन्त्रालयवाट थप समन्वय र सहजीकरणका कार्यहरू हुनेछन् । प्रदेश तहका मुख्य जिम्मेवारी तथा उत्तरदायित्वहरू यसप्रकार हुनेछन् ।

(क) विद्यालय सञ्चालनका सन्दर्भमा प्रदेशको अवस्थाको समीक्षा गरी मार्गदर्शन गर्ने ।

(ख) प्रदेश तहमा प्राप्त हुने वित्तीय स्रोत पहिचान र परिचालन गर्ने ।

(ग) आफू मातहतका शिक्षा तालिम केन्द्र, शिक्षा विकास निर्देशनालय लगायतका निकायहरूको परिचालन गरी शिक्षक तालिम तथा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन एवं सहजीकरण गर्ने गराउने ।

(घ) प्रदेश भित्रका विद्यालयहरू पुनःसञ्चालनको समग्र अवस्थाको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ङ) प्रदेश स्तरका गैर सरकारी संस्था तथा शिक्षा सरोकार समूहहरूको परिचालन गर्ने ।

८.३ स्थानीय तह

यो कार्यढाँचालाई विद्यालय तहमा कार्यन्वयन गर्ने गराउने विषयमा स्थानीय तहले परिस्थितिको विश्लेषण गरी आवश्यक निर्णय गर्ने र सो वमोजिम विद्यालयलाई समय समयमा निर्देशन दिनेछ । विद्यालय सञ्चालनलाई प्रभावकारी रूपमा कार्यान्यन गर्ने सम्वन्धमा स्थानीय तहले आफ्नो सामाजिक विकास समिति वा गाउँ वा नगर शिक्षा समिति वा अन्य उपयुक्त संयन्त्रलाई मुख्य जिम्मेवार बनाई विद्यालय तथा विद्यालय व्यवस्थापन समितिलाई सक्रिय बनाउने छ । स्थानीय तहका मुख्य जिम्मेवारी तथा उत्तरदायित्वहरू यसप्रकार हुनेछन् ।

(क) विद्यालय भवन तथा परिसरमा क्वारेन्टीन र आइसोलेशन सम्वन्धी कार्यहरू सञ्चालन नगर्ने ।

(ख) क्वारेन्टिन र आइसोलेशनको रूपमा प्रयोग हुन छाडेका विद्यालय भवनलाई तोकिएको मापदण्ड वमोजिम निर्मलीकरण गरी अध्ययन अध्यापन गर्न योग्य वनाउने ।

(ग) विद्यालय र विद्यालय परिसर भित्र तथा विद्यार्थी आवागमनमा प्रतिकूल असर पर्ने गरी वा विद्यालय क्षेत्रको निकट हुने गरी कोभिड-१९ रोकथाम र नियन्त्रण सम्वन्धी संरचनाहरू नराखे ।

(घ) विद्यालय सञ्चालनका लागि स्थानीय स्रोतको पहिचान र परिचालन गर्ने ।

(ङ) विद्यालय सञ्चालनमा स्वास्थ्य संस्था, सुरक्षा निकाय, जिल्ला संकट व्यवस्थापन केन्द्र, स्थानीय प्रशासन एवम् शिक्षा विकास तथा समन्वय इकाइ लगायतका निकायहरूसँग समन्वय गर्ने गराउने ।

(च) जनस्वास्थ्य र सुरक्षाका मापदण्ड अनुसार आफ्नो क्षेत्रभित्र रहेका विद्यालयहरूको अवस्था जोखिम विश्लेषण गरी विद्यालय बन्द र पुनःसञ्चालन गर्ने गराउने ।

(छ) स्थानीय स्तरमा कार्यरत गैरसरकारी तथा समुदायमा आधारित संस्थाहरूको परिचालन र तिनीहरूका कार्यमा समन्वय गर्ने ।

(ज) विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घ परिचालन गरी विद्यार्थी, अभिभावक, शिक्षक तथा सरोकारवालाहरूलाई थप क्रियाशील बनाउने ।

(झ) सुरक्षित विद्यालय सञ्चालन सम्वन्धी सूचकका आधारमा अनुगमन, सुपरिवेक्षण तथा सहजीकरण गर्ने गराउने ।

(ञ) बालबालिकाका लागि पाठ्यपुस्तक लगायतका सिकाइ सामग्रीको उपलब्धताको सुनिश्चिता गर्ने ।

(ट) विद्यालय सञ्चालनका अन्य विषयमा जोखिमको अवस्था मूल्याङ्कनका आधारमा जनस्वास्थ्य र सुरक्षाका मापदण्ड पालना गर्नेगरी उपयुक्त निर्णय लिने ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

अनुसूची १

## सुरक्षित विद्यालय रुजुसूची

विद्यालयको नामः..............................................................................................................

ठेगानाःजिल्ला..................................................गाउँ/नगरपालिका...........................................वडानं.........

स्थानीय टोलको नाम .............................................सम्पर्क नं.........................................

| क्र.सं. | विवरण | व्यवस्था र प्रयोग | | कैफियत |
|---|---|---|---|---|
| | | छ | छैन | |
| १ | शिक्षक, अभिभावक, विद्यालय समुदाय, बाल/युवाक्लब, जनप्रतिनिधि,स्वास्थ्यकर्मी आदिको समन्वय र सहभागितामा विद्यालय खोल्ने आधार तयार गरिएको | | | |
| २ | बालविकास लगायतका सबै बालबालिकाहरूको सङ्ख्याका आधारमा सफापानी र साबुन सहितको हातधुने व्यवस्था | | | |
| ३ | कक्षाकोठा, कार्यालय, रेलिङ, खाजा टेबल, खेल सामग्री, सिकाइ सामग्री र सवारी साधन आदिमा दिनमा कम्तीमा एकपटक प्रतिसङ्क्रमण वा निर्मलीकरण गर्ने प्रबन्ध र सोको प्रयोग | | | |
| ४ | विद्यालयमा छात्रछात्राका लागि अलग्गै शौचालय र छात्राहरूका लागि सेनीटरी प्याडको व्यवस्था | | | |
| ५ | प्राथमिक स्वास्थ्य उपचार कक्ष र आइसोलेसन कक्षको व्यवस्था | | | |
| ६ | विद्यालयमा आउने बालबालिका, शिक्षक तथा विद्यालय कर्मचारीहरूमा स्वास्थ्य सम्बन्धी कुनै समस्या आएमा तत्काल अभिभावक वा घरपरिवारलाई जानकारी गराउने प्रबन्ध | | | |
| ७ | स्वास्थ्यकर्मी, मनोसामाजिक परामर्शदाता, अस्पताल, एम्बुलेन्स आदिको सम्पर्क नम्बर सहितको विवरण अद्यावधिक भएको | | | |
| ८ | भौतिक दुरी कायम हुने गरी कक्षाकोठामा विद्यार्थी बस्ने व्यवस्था | | | |
| ९ | किटाणुरहित विद्यालय तथा स्वच्छता व्यवस्थापनको अनुगमनका जिम्मेवारी किटान भएको संयन्त्र | | | |
| १० | विद्यालयमै कम्तीमा कक्षा ५ सम्मका लागि दिवा खाजाको व्यवस्था | | | |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ११ | क्वारेन्टाइन वा आइसोलेसन बनाइएको विद्यालय भएमा<br>क. क्वारेन्टाइन वा आइसोलेसन व्यवस्थापन समितिले कम्तीमा १५ दिन पहिले खाली गराई पूर्वाधारको पुनर्व्यवस्थापन वा मर्मत गरिएको<br>ख. कक्षा सञ्चालनभन्दा कम्तीमा ७२ घण्टा अगावै स्वीकृत मापदण्डबमोजिम निर्मलीकरण गरिएको | | | |
| १२ | बालबालिकाहरूलाई मनोपरामर्श तथा उत्प्रेरणा गर्ने सिपको अभिमुखीकरण वा पूर्व तयारी | | | |
| १३ | कठिन अवस्थाका बालबालिकाहरूलाई निरन्तर सिकाइका लागि वैकल्पिक प्रणालीद्वारा विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका २०७७ बमोजिम वैकल्पिक विधि सहितको उपचारात्मक सिकाइको व्यवस्था | | | |
| १४ | सबै बालबालिकाहरूलाई पाठ्यपुस्तक तथा सिकाइ सामग्रीको प्रबन्ध | | | |
| १५ | विद्यार्थी, शिक्षक, अभिभावक, स्थानीय तह, स्वास्थ्य संस्था, साझेदार संस्था तथा विद्यालय व्यवस्थापन समिति बीच समन्वय गर्ने व्यवस्था | | | |
| १६ | विद्यालयका समग्र दैनिक गतिविधि, आचारसंहिताको पालना र कार्यान्वयनको पालना अनुगमन तथा सहजीकरण व्यवस्था | | | |
| १७ | कोभिड-१९ को पुनः सङ्क्रमण वा अन्य विषम अवस्थामा आइपरेमा तत्काल गर्नुपर्ने प्रतिकार्यको तयारी | | | |
| १८ | विद्यालयमा स्वास्थ्य परीक्षण विना बाहिरी व्यक्तिहरूको प्रवेश निषेधको व्यवस्था | | | |
| १९ | विद्यार्थी, शिक्षक तथा विद्यालय कर्मचारीहरूले अनिवार्य रूपमा मास्क प्रयोग गर्ने व्यवस्था | | | |
| २० | विद्यालय सञ्चालन भएपछि पूर्वाधार तथा सुविधाहरूको आवश्यक सुधारका लागि पूर्वतयारीको अवस्था | | | |

अनुगमन गर्नेको नामथरः१..........................................................., २..................................................

हस्ताक्षरः १........................................................., २..........................................................................

मितिः